# सेवाग्राहीहरुको लागि तथ्य पृष्ट

**अब्बोट डायग्नोस्टिक्स स्कारबोरो, इन्क.**

**आइडी नाउ कोभिड-१९ (ID NOW COVID-19)**

**अपडेट गरेको: सेप्टेम्बर १७, २०२०**

**कोरोना भाइरस रोग २०१९ (कोभिड-१९)**

तपाईलाई यो तथ्य पृष्ट दिइएको छ, किन भने तपाईको स्याम्पल/हरु (sample/s) लाई आइडी नाउ कोभिड-१९ (ID NOW COVID-19) प्रयोग गरी कोरोनाभाइरस रोग २०१९ को लागि परिक्षण गरिएको थियो।

कोभिड-१९ को रोग निदान (diagnosis) को लागि यस परिक्षणको प्रयोगले हुने फाइदा र जोखिमहरु बारे तपाईलाई बुझाउन मद्दत पुर्याउन हेतु यस तथ्य पृष्टमा उचित जानकारी समावेश गरिएको छ। यस तथ्य पृष्टलाई पढे पछि, यदि तपाईसंग कुनै किसिमका प्रश्नहरु वा प्रदान गरिएको जानकारी बारे छलफल गर्न चाहनुहुन्छ भने, कृपया तपाईको स्वास्थ्य सेवा प्रदायकसंग कुरा गर्नुहोला।

**कोभिड -१९ सम्बन्धि अद्यावधिक जानकारीको लागि कृपया सी.डी.सी. कोरोनाभाइरस रोग २०१९ (कोभिड-१९) को वेबसाइट:https://www.cdc.gov/COVID19 मा जानुहोस्।**

**कोभिड-१९ भनेको के हो?**

कोभिड-१९ सार्स-को.भी. -२ (SARS-CoV-2) भाइरसको कारणले हुन्छ, जुन एउटा नयाँ भाइरस हो। यस भाइरसले मानिसहरुमा संक्रामक श्वास रोग निम्त्याउछ। कोभिड-१९ हल्का देखि गम्भीर रोग सरह देखा पर्न सक्छ, तर कोभिड-१९ बाट संक्रमित केही व्यक्तिहरुमा कुनै पनि लक्षणहरु देखा पर्दैनन्। कोभिड-१९ बाट वृद्धहरु र मेडिकल समस्याले ग्रस्त अवस्थामा रहेका कुनै पनि उमेरका व्यक्तिहरुमा गम्भीर रोगको उच्च जोखिम हुन्छ। कोभिड-१९ को गम्भीर नतिजाको रुपमा अस्पताल भर्ना र मृत्युलाई लिन सकिन्छ। कोही बिरामी भएको कारणले सार्स-को.भी. -२ (SARS-CoV-2) अरुमा फैलिन्छ तर यो मात्रै एउटा कारण होइन, अरु कारणहरुले पनि फैलिन्छ। बिरामी हुने लक्षणहरु (ज्वरो, खोकी, साँस फेर्ने समस्या, आदि) देखाउनु अघि नै कुनै व्यक्तिले फैलाउन सक्छ।

कोभिड-१९ को लक्षणहरुको पूर्ण सूची तलको लिंकमा फेला पार्न सकिन्छ: https://www.cdc.gov/coronavirus/2019-ncov/symptoms-testing/symptoms.html ।

**आइडी नाउ कोभिड-१९ (ID NOW COVID-19) भनेको के हो?**

यो परीक्षणले श्वासप्रश्वासको स्पेसीमेनहरुमा (उदाहरण: नाक वा ओराल स्वव) कोभिड-१९ लाई निम्त्याउने भाइरस पत्ता लगाउनको लागि डिजाइन गरिएको हो।

**मेरो स्याम्पल (sample) लाई किन परिक्षण गरियो?**

तपाईलाई परिक्षण गरियो किनभने तपाईको स्वास्थ्य सेवा प्रदायकले विश्वास गर्दछ कि तपाई भाइरसको संपर्कमा आउनुभएको हुन सक्छ जसले तपाईको संकेत र लक्षणहरुको (जस्तै: ज्वरो, खोकी, सास फेर्न गाह्रो) आधारमा कोभिड-१९ निम्त्याउछ। स्याम्पलहरु (samples) को परिक्षणले यदि तपाईमा कोभिड-१९ छ वा छैन भनी थाहा पाउन मद्दत गर्दछ।

**यस परिक्षणका परिचित तथा सम्भावित जोखिमहरु र फाइदाहरु के-के हुन्?**

सम्भावित जोखिमहरु:

- स्याम्पल (sample) संकलन गर्दा असुविधा वा अन्य जटिलताहरु हुन सक्ने सम्भावना
- परिक्षणको परिणाम गलत हुन सक्ने सम्भावना (अधिक जानकारी को लागी तल हेर्नुहोस्) ।

सम्भावित फाइदाहरुमा:

- परिक्षणका परिणामहरु संग-संगै अन्य जानकारीले तपाईको स्वास्थ्य सेवा प्रदायकहरुलाई तपाईको स्वास्थ्यको हेरचाह सम्बन्धि उचित सिफारिसहरु प्रदान गर्न मद्दत गर्दछ।
- यस परिक्षणको नतिजाले तपाईको परिवार र तपाईसंग सम्पर्कमा आउने व्यक्तिहरु कोभिड-१९ रोगबाट संक्रमित हुने सम्भावनालाई कम गर्न मद्दत गर्छ।

**यदि मेरो परिक्षणको नतिजा पोजेटिभ आयो भने यसको अर्थ के हो?** यदि तपाईको परिक्षणको नतिजा पोजेटिभ आयो भने, तपाईमा कोभिड-१९ रोग छ भनी धेरै सम्भावना छ। त्यसकारण, तपाईं अरुलाई भाइरस फैलाउनबाट रोक्न आइसोलेशनमा बस्नु पर्ने हुन सक्छ। रोगको सम्भावित ट्रान्समिशन कम गर्न तपाईंले सीडीसीको मार्गदर्शनलाई अनुसरण गर्नुपर्छ।

त्यहाँ एउटा सानो सम्भावना हुन सक्छ कि यस परिक्षणले एउटा पोजेटिभ परिणाम दिन सक्छ जुन गलत (एउटा गलत पोजेटिभ परिणाम) हुन सक्छ विशेष गरी जब धेरै कोभिड-१९ बाट संक्रमित केसहरु नभएका जनसंख्यामा प्रयोग गरिन्छ। परिक्षणको परिणामहरु साथै तपाईको मेडिकल रेकर्ड/अवस्था र तपाई लक्षणहरुको आधारमा तपाई कसरी उचित तरिकाले हेरचाह गर्ने भनी निर्धारण गर्न तपाईको स्वास्थ्यसेवा प्रदायकले तपाईसंग काम गर्ने छ।

**अद्यावधिक र अतिरिक्त जानकारीको लागि म कहाँ जान सक्छु?** कोभिड-१९ सम्बन्धि अद्यावधिक जानकारी सी.डी.सी. को साधारण वेबसाइट:**https://www.cdc.gov/COVID19** मा उपलब्ध गराइएको छ। साथै, कृपया कुनै पनि प्रश्नहरु/समस्याहरु बारे आफ्नो स्वास्थ्य सेवा प्रदायकलाई सम्पर्क गर्नुहोला।

**यदि मेरो परिक्षणको परिणाम नेगेटिभ छ भने यसको अर्थ के हो?**
परिक्षणको परिणाम नेगेटिभ आउनाले के बुझिन्छ कि कोभिड-१९ ल्याउने भाइरस तपाईको स्याम्पल (sample) मा परेन। जे होस्, यो पनि सम्भव छ कि कोभिड-१९ भएका केहि व्यक्तिमा परिक्षणको परिणाम नेगेटिभ आउन सक्छ जुन गलत (गलत नेगेटिभ) हुनसक्छ। तपाईको परिक्षणको परिणाम नेगेटिभ हुन सक्छ यदि तपाईको स्याम्पल (sample) लाई संक्रमण कालको सुरुवातमा संकलन गरिएको थियो भने। तपाईको स्याम्पल (sample) संकलन भए पश्चात तपाई कोभिड-१९ को सम्पर्कमा आउनु भएको पनि सक्नुहुन्छ जसले तपाईलाई संक्रमित गरेको हुन्छ।

यसको अर्थ के हो भने तपाईको परिक्षणको परिणाम नेगेटिभ आएता पनि तपाईमा कोभिड-१९ अझै हुन् सक्छ। यदि तपाईको परिक्षणको परिणाम नेगेटिभ आएको खण्डमा, तपाईको स्वास्थ्य सेवा प्रदायकले तपाईको परिक्षणको परिणाम र तपाईको मेडिकल रेकर्ड/अवस्थाहरु (जस्तै: लक्षणहरु, सम्भावित सम्पर्कहरु, तपाईले हाल भ्रमण गरेका भौगोलिक स्थानहरु) तथाअन्य कुराहरुलाई मध्य नजर गरी तपाईको हेरचाह कसरी गर्ने भनी निर्णय गर्नेछ।

तपाई आफ्नो स्वास्थ्य सेवा प्रदायकसंग कार्य गर्न महत्वपूर्ण मानिन्छ जसले तपाईको अर्को कदम कसरी चाल्ने भनी बुझाउन मद्दत गर्दछ।

**के यो परीक्षण एफडीए बाट अनुमोदित गरिएको छ वा स्वीकृत छ?**

छैन। यो परिक्षणलाई संयुक्त राज्यको एफडीए ले अझै पनि अनुमोदित वा स्वीकृत गरको छैन।जब एफडीए ले अनुमोदित वा स्वीकृत गरेका परिक्षणहरु उपलब्ध गराइएको छैन र अन्य मापदण्डहरु पूरा गरिएको छ भने एफडीए ले इमर्जेन्सी युज अथोरिजेसन (Emergency Use Authorization (EUA)) अन्तर्गत आपतकालिन पहुँच संयन्त्रको आधारमा परिक्षणको सेवा उपलब्ध गराउन सक्छ। स्वास्थ्य तथा मानव सेवाहरुको सचिवको घोषणा-पत्रले यस परिक्षणको इयुए (EUA) लाई समर्थन गर्दछ। कोभिड-१९ लाई ल्याउने भाइरसलाई पत्ता लगाउन र/वा त्यसको निदान खोज्न भिट्रो डायग्नोस्टिक्सको आपतकालीन प्रयोगको औचित्य प्रमाणित गर्न परिस्थितिहरु उत्पान्न हुन्छन् भन्ने कुरालाई सचिवको घोषणामा उल्लेख गरिएको छ। एफडीए ले खारेज वा रद्द नगरे सम्म आइ.भि.डीजको आपतकालताको औचित्यलाई सिद्ध गर्दै घोषित कोभिड-१९ को समयमा यो इयुए (EUA) का सर्तहरु लागू रहिरहने छन् (यसको अर्थ: परिक्षणहरुलाई प्रयोग गरिने छ)। एफडीए ले खारेज वा रद्द गरेमा परिक्षण प्रयोग गर्न मिल्दैन।

**स्वीकृत विकल्पहरु के हुन्?**
कुनै अनुमोदित वैकल्पिक परीक्षणहरू उपलब्ध छैनन्। एफडीएले ईयुएलाई अन्य परीक्षणहरुको लागि निर्देशन जारी गरेको छ, जसलाई https://www.fda.gov/emergency-preparedness-and-response/mcm-legal-regulatory-and-policy-framework/emergency-use-authorization मा फेला पार्न सकिन्छ।

- **अद्यावधिक र अतिरिक्त जानकारीको लागि म कहाँ जान सक्छु?** कोभिड-१९ सम्बन्धि अद्यावधिक जानकारी सी.डी.सी. को साधारण वेबसाइट:**https://www.cdc.gov/COVID19** मा उपलब्ध गराइएको छ। साथै, कृपया कुनै पनि प्रश्नहरु/समस्याहरु बारे आफ्नो स्वास्थ्य सेवा प्रदायकलाई सम्पर्क गर्नुहोला।